| | |
|---|---|
| **Addendum-1**<br>**(Application Process for AWs in Israel)** | **अनुसूची-१**<br>**(इजरायलमा सहायक कामदारहरुको रोजगारीका लागि दिने आवेदन प्रक्रिया)** |
| **SELF-DECLARATION ON HEIGHT, WEIGHT, ELIGIBILITY AND SELECTION PROCESS** | **उचाइ, तौल, योग्यता र छनोट प्रक्रियासम्बन्धी स्व-घोषणा** |
| I, ..................................................., holder of Passport No. ..........................................., a citizen of Nepal, hereby declare that: | म, ......................................................., राहदानी नम्बर .......................................... भएको नेपाली नागरिकले यो घोषणा गर्दछु किः |
| 1. I have read, understood, and accepted the selection procedures and conditions set forth in the Implementation Protocol governing the recruitment of Auxiliary Workers in Israel, and I shall not raise any objection to the prescribed selection process. | १. मैले इजरायलमा सहायक कामदार भर्नासम्बन्धी कार्यान्वयन प्रोटोकलमा उल्लिखित छनोट प्रक्रिया तथा शर्तहरू पढी, बुझी र स्वीकार गरेको छु। तोकिएको छनोट प्रक्रियामा मेरो कुनै आपत्ति हुने छैन। |
| 2. All information and supporting documents submitted by me in the online application system are true and correct to the best of my knowledge. If any information is found to be false or misleading, I accept that my application may be cancelled or disqualified without objection. | २. अनलाइन आवेदन प्रणालीमा मेरो तर्फबाट पेश गरिएका सम्पूर्ण जानकारी तथा सहायक कागजातहरू मेरो जानकारी अनुसार सत्य र सहि छन्। कुनै जानकारी झूटा वा भ्रामक पाइएमा मेरो आवेदन कुनै आपत्ति बिना रद्द वा अयोग्य घोषित हुन सक्ने कुरा म स्वीकार गर्दछु। |
| 3. I have never previously worked in Israel, and I do not have any direct relatives (parents, spouse, children, brothers, or sisters) living or working in Israel. | ३. मैले यसअघि कहिल्यै इजरायलमा काम गरेको छैन र मेरा कोही प्रत्यक्ष नातेदार (आमाबाबु, जीवनसाथी, सन्तान, दाजुभाइ वा दिदीबहिनी) इजरायलमा बसोबास वा काम गरिरहेको हुनुहुन्न। |
| 4. I undertake to return to Nepal upon completion of my temporary employment in Israel in accordance with applicable Israeli laws and regulations. | ४. इजरायली कानुन तथा नियमहरू बमोजिम इजरायलमा अस्थायी रोजगारी सम्पन्न भएपछि म नेपाल फर्कने प्रतिबद्धता व्यक्त गर्दछु। |

महानिर्देशक

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

| | |
|---|---|
| 5. I understand and acknowledge that being shortlisted and included in the final database following the random selection process does not guarantee my recruitment or employment in Israel. I further understand that PIBA is under no obligation to recruit any shortlisted candidate. I may only be considered for employment in Israel if I am subsequently selected through the lottery process and fulfill all other applicable requirements. | ५. Random छनोट प्रक्रियापछि shortlisting मा परी अन्तिम डेटाबेसमा समावेश भएमात्रैले इजरायलमा मेरो भर्ना वा रोजगारी सुनिश्चित हुँदैन भन्ने कुरा म बुझेको र स्वीकार गर्दछु। PIBA माथि छोटो सूचीका कुनै उम्मेदवारलाई भर्ना गर्ने कुनै बाध्यता छैन भन्ने कुरा पनि म बुझ्दछु। लटरी प्रक्रियामार्फत पुनः छनोट भई अन्य सम्पूर्ण लागू शर्तहरू पूरा गरेपछि मात्र मलाई इजरायलमा रोजगारीका लागि विचार गरिनेछ। |
| 6. My height is .......... meters and my weight is .......... kilograms. If the designated health institution declares that I don't meet the height and weight criteria, I know that I will be automatically disqualified at any stage of selection process. | ६. मेरो उचाइ .......... मिटर र तौल .......... किलोग्राम छ। तोकिएको स्वास्थ्य संस्थाले मैले उचाइ र तौलको मापदण्ड पूरा गर्दिनँ भनी घोषणा गरेमा छनोट प्रक्रियाको जुनसुकै चरणमा पनि म स्वतः अयोग्य हुने कुरामा मेरो मञ्जुरी छ। |
| I hereby certify that the above statements are true and correct. | माथिका कथनहरू सत्य र सहि छन् भनी म प्रमाणित गर्दछु। |
| Signature of Applicant: ______________________<br>Name of Applicant:<br>____________________________<br>Date (AD): D/M/YYYY<br>____________________________ | आवेदकको दस्तखतः<br>________________________________<br>आवेदकको नामः<br>____________________________________<br>मिति (वि.सं.): ________________________<br><br>औंठाछापः दायाँ औंठा बायाँ औंठा |

महानिर्देशक

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं

| Addendum-2 | अनुसूची-२ |
| --- | --- |
| **Waiver of Confidentiality of Information** | **सूचनाको गोपनीयताको त्याग-पत्र** |
| I ……………………………………………………………, (Passport No. ……………………………, Nepali citizen) declare to accept the following waiver of confidentiality of mine, during the process of selection as Auxiliary Worker in Israel as stated in **Implementation Protocol A to the Agreement Between the Government of Nepal and the Government of the State of Israel on the Temporary Employment of Nepalese Workers in Specific Labour Market Sectors in the State of Israel.** | म……………………………………, (राहदानी नम्बर …………………, नेपाली नागरिक) इजरायलको विशिष्ट श्रम बजार क्षेत्रहरूमा नेपाली कामदारहरूको अस्थायी रोजगारीसम्बन्धी नेपाल सरकार र इजरायल राज्य सरकारबीचको सम्झौताको कार्यान्वयन प्रोटोकल क मा उल्लेख भए अनुसार इजरायलमा सहायक कामदारको रूपमा छनोट प्रक्रियाको क्रममा निम्न गोपनीयताको त्याग-पत्र स्वीकार गर्ने घोषणा गर्दछु। |
| **Followings:** | **निम्न अनुसारः** |
| **a.** PIBA reserves the right to request additional inquiries or information regarding applicants in the roster if deemed necessary. | **क.** **PIBA** ले आवश्यकता अनुसार सूचीमा रहेका आवेदकहरूसम्बन्धी थप छानबिन वा जानकारी माग्ने अधिकार सुरक्षित राख्दछ। |
| **b.** PIBA may share relevant information provided or considering the applicants with other relevant Israeli Government ministries or bodies. | **ख.** **PIBA** ले आवेदकहरूसम्बन्धी प्रदान गरिएको वा विचाराधीन सान्दर्भिक जानकारी अन्य सम्बन्धित इजरायली सरकारी मन्त्रालय वा निकायहरूसँग साझेदारी गर्न सक्दछ। |
| **c.** PIBA reserves the right to grant access to the video interviews (if applicable) or other relevant information provided as per PIBA's request, to prospective employers. Such interviews or other relevant information shall not include the name or any other identifying information concerning each applicant. | **ग.** **PIBA** को अनुरोध अनुसार **PIBA** ले भिडियो अन्तर्वार्ता (लागू भएमा) वा अन्य सान्दर्भिक जानकारी सम्भावित रोजगारदाताहरूलाई उपलब्ध गराउने अधिकार सुरक्षित राख्दछ। यस्ता अन्तर्वार्ता वा अन्य सान्दर्भिक जानकारीमा प्रत्येक आवेदकको नाम |

महानिर्देशक

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभाग काठमाडौं

| | |
|---|---|
| | वा कुनै पनि पहिचान-सम्बन्धी जानकारी समावेश हुने छैन। |
| Signature of Applicant: ______________________<br><br>Name of Applicant: ____________________________<br><br>Date (AD): D/M/YYYY __________________________ | आवेदकको दस्तखतः<br>________________________________<br><br>आवेदकको नामः<br>________________________________<br><br>मिति (वि.सं.):________________________<br><br>औंठाछापः<br><br>दायाँ औंठा          बायाँ औंठा |

महानिर्देशक

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

<u>**दीर्घकालिन स्याहार केन्द्रमा काम गर्ने नेपाली सहायक कामदारहरुको कार्य विवरण**</u>

- **पद:** इजरायलको दीर्घकालीन स्याहार केन्द्रहरु (व्यक्तिगत अपार्टमेन्टमा अवस्थित समूह गृहहरूसहित) मा कार्यरत सहायक कामदारहरू (AW)
- **सामान्य कामको विवरण:** सहायक कामदारहरूले सफाइ कार्य गर्नु पर्नेछ र/वा तलका विवरणअनुसार बिरामीहरूको दैनिक गतिविधिमा सहायता प्रदान गर्नु पर्नेछ:

**व्यक्तिगत हेरचाह:**

सहायक कामदारहरूले इजरायलका दीर्घकालीन हेरचाह सुविधाहरू (व्यक्तिगत अपार्टमेन्टमा अवस्थित समूह गृह सहित) मा बस्ने गम्भीर (शारीरिक र/वा संज्ञानात्मक) अपाङ्गता भएका सबै उमेरका बिरामीहरूलाई व्यक्तिगत हेरचाह प्रदान गर्नुपर्ने — जसमा सरसफाई (नुहाउने, शौचालय प्रयोग, डायपर लगाउने सहित), पोषण (खुवाउने सहित), गतिशीलता (उठाउने र यताउता सार्ने सहित), सञ्चार, बिरामी र वार्डको सफाइ (बस्ने ठाउँ सहित) मा आवश्यक सहायता, र बिरामीलाई सहायता आवश्यक पर्ने जुनसुकै गतिविधिमा सहायता (केही अवस्थामा, रोजगारदाताले सञ्चालन गर्ने बाह्य डे केयर कार्यक्रममा जाने बिरामीहरूलाई साथ दिने र सहायता गर्ने समेत) तथा सुपरिवेक्षक नर्स/प्रबन्धकले सहायक कामदारलाई दिएको निर्देशानुसार।

**सफाइ कार्यहरू — बासस्थान/ अपार्टमेन्टको सफाइ:**

भ्याकुम गर्ने र धुलो पुछ्ने, शौचालय र धाराहरुको गहिरो सफाइ, भान्साघरको सफाइ (भाँडा माझ्ने, चुल्हो सफाइ, र आवश्यकतानुसार फ्रिज सफाइ सहित), भुइँ धुने, झ्याल र पर्दाको सफाइ, र बासिन्दाको अनुरोध अनुसार दराज मिलाउने।

वास्तविक समयमा अपार्टमेन्ट भित्र असामान्य परिस्थितिहरू पहिचान गर्ने र रिपोर्ट गर्ने। व्यवहार वा मनोदशामा परिवर्तन, कार्यात्मक गिरावट, भ्रमका संकेत, चल्न गाह्रो, अपार्टमेन्टमा व्यवस्थाको स्तरमा गिरावट, साथै सुरक्षा र संकटका घटनाहरू (ढल्ने, कुनै प्रतिक्रिया नआउने, असामान्य गन्ध, भुइँमा पानी, वा जोखिमपूर्ण उपकरण) को रिपोर्ट गर्नुपर्ने।

**सार्वजनिक क्षेत्र र कार्यालयहरूको सफाइ:**

लबी, डाइनिङ रूम, कोरिडोर, बस्ने ठाउँ, लिफ्ट (दिनमा), र सार्वजनिक शौचालयको नियमित सफाइ, कार्यालय, क्लिनिक, गतिविधि कोठा, जिम, उपचार कोठा, र कर्मचारी विश्राम कोठाहरूको सफाइ।

भान्सा र डाइनिङ रूममा सहायता, लुगा धुने, इस्त्री (Ironing) गर्ने, बासिन्दाका लागि कार्यक्रमहरू तयार गर्ने, र विभिन्न कार्यहरुका लागि कोठाहरू व्यवस्थित गर्ने।

महानिर्देशक

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५